आज मिति २०७४।०६।२६ गते बिहान ११:०० बजे भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको सभाकक्षमा नगर प्रमुख श्री जीवन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा रहि नगर कार्यपालिका बोर्डको बैठक बसी देहायबमोजिमको निर्णय हरु पारित गरियो ।

उपस्थिति

श्री जीवन कुमार श्रेष्ठ, नगर प्रमुख
श्री चन्द्रमाया श्रेष्ठ, नगर उपप्रमुख
श्री दशरथ प्रधान, वडा अध्यक्ष, भद्रपुर-१
श्री मित्रबहादुर सुब्बा, " " " २
श्री कमला थुलुङ, " " " ३
श्री हंशधर राजवंशी " " " ४
श्री बन्धु कार्की " " " ५
श्री प्रेम बहादुर बरुवाल " " " ६
श्री विनोद प्रसाद पोखरेल " " " ७
श्री गौरब सुब्बा " " " ८
श्री शनिलाल राजवंशी " " " ९
श्री टेक बहादुर खड्का (काजी) " " १०
श्री कौशल्या अधिकारी म.का.स.
श्री ममता लिम्बु " " "
श्री जानुका वि.क. " " "
श्री विभा पासवान " " "
श्री मित्रा गङ्गराई " " "
श्री घनश्याम लकान्द्री " " "
श्री मुना खवास " " "
श्री भक्त बहादुर भुजेल " " "
श्री काजीमान राई, सदस्य सचिव
श्री फुलसिंह राजवंशी

१. साबिक जुगाडी र महेशपुर गा.वि.स.हरुमा निर्माण भएका पुराना घर तथा भवनहरुलाई नियमित गर्नका लागि मिति २०७४ असार मसान्तसम्मको समयसीमा दिई कूल राजश्वमा ५० प्रतिशत छुट दिइएको । उक्त समयसीमाभित्र सूचीकृत हुन नआएका पूर्वनिर्मित घर तथा भवनहरु सो समय पश्चात नियमित गर्न आएमा नियमानुसार नियमानुसार राजश्व लिई नियमित गर्ने गरेको । नगरपालिका क्षेत्रभित्र नवनिर्मित भवनहरुसमेत पूर्वनिर्मित भवनको रुपमा नियमित गर्न आवेदन गरेको गुनासो हुन आएको हुँदा अन्तिम पटक, लागि २०७४ पौष मसान्तसम्मको समयसीमा दिई नियमित गर्नका लागि सूचना प्रकाशन गर्ने । सो समयभित्र दर्ता हुन नआएका पूर्वनिर्मित भवनहरुलाई कूल राजश्वमा थप ५०% राजश्व लिई नियमित गर्ने तथा उक्त समयभित्र नआएका घर तथा भवनहरुलाई नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम नै प्रस्तावित भवनको रुपमा नक्सा प्रक्रियामा लैजाने निर्णय गरियो ।

२. दुई लाख सम्मका वडास्तरीय योजनाहरुको डिजाइन इस्टिमेट गरी सम्बन्धित वडामा नै वडा सचिवले सम्झौता गरी कागजात नगरपालिकामा पेश गर्ने साथै रु. २ लाख सम्मका योजनाहरुलाई कार्यान्वयन सम्पन्न भइसकेपछि उपभोक्ता समितिको नाममा नै भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

३. छठ पर्वलाई भव्य रुपमा सञ्चालन गर्नका लागि मेची किनारमा भक्तालु तथा श्रद्धालुहरुलाई आवागमन तथा पूजा गर्नका लागि सहज बनाउन मेची नदी किनारमा बाँसेपुल निर्माण गर्नका लागि सहयोग गर्ने निर्णय गरियो ।

४. प्रथम नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार भू-उपयोग नीति, नगरस्तरीय सडक गुरुयोजना, पर्यटन गुरु-योजना र घर नम्बरिङ प्रणालीको काम सुरु गर्न TOR स्वीकृत गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिम कार्यालयमा सूचीकृत परामर्शदाताबाट प्रस्ताव माग गरी कार्य सुरु गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

५. नगरसभाले स्वीकृत गरेका योजनाहरु सञ्चालन गर्नका लागि यथाशक्य समयमा नै नियमअनुसार उपभोक्ता समिति गठन गरी नगरपालिकामा सम्पर्क राख्न पठाउने निर्णय गरियो।

६. आउँदाको आरम्भमा कार्यरत कर्मचारीहरुले मासिक रुपमा भुक्तानी लिई आएको राशन भत्ता बापतको रु. ४५००।- मा थप गरी एकमुष्ट रु. ५०००।- उपलब्ध गराउने साथै अन्य कर्मचारीहरुले प्राप्त गर्ने थप भत्ता उपलब्ध नगराउने निर्णय गरियो।

७. नगरपालिकाको जैविक संग्रहालय निर्माण गर्नका लागि स्टमेट, डिजाइन तयार गरी सार्वजनिक निःशुल्क जग्गा प्राप्तिका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

Scanned by CamScanner